मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २५ गते सोमबार ❑ 8 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सीमालगायतका विषय द्विपक्षीय संयन्त्रमार्फत समाधान खोजिने

रासस
काठमाडौं, २४ जेठ

परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल-भारतबीच रहेका सीमालगायत विषयको समाधान वार्ता र कूटनीतिक संयन्त्रमार्फत खोजिने बताउनुभएको छ।

भारतको तीनदिने औपचारिक भ्रमण सम्पन्न गरी आइतबार स्वदेश फर्कने क्रममा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भारतसँगको सिमानालगायत विषयमा दुई देशबीच गठित कूटनीतिक संयन्त्रले समाधानका लागि काम गरिरहेको जानकारी दिनुभयो।

लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रका सम्बन्धमा सोधिएको जिज्ञासामा परराष्ट्रमन्त्री खनालले उक्त भूमि नेपालको रहिआएको ऐतिहासिक अडान दोहोर्‍याउँदै सोबारेमा भारत र चीनलाई कूटनीतिक नोटमार्फत आधिकारिक रूपमा स्पष्ट पारिसकेको उल्लेख गर्नुभयो।



भारतसँगको सिमानाका विषयमा समाधानका लागि नेपाल सरकारले तेस्रो पक्ष वा मध्यस्थताको आवश्यकता नखोजेको बताउँदै उहाँले तथ्य र ऐतिहासिक प्रमाणका आधारमा वार्तामार्फत समाधान खोजिने सरकारको धारणा रहेको बताउनुभयो ।नेपाल-भारत प्रबुद्ध समूह (इपिजी) प्रतिवेदनका सम्बन्धमा सोधिएको प्रश्नमा परराष्ट्रमन्त्री खनालले उक्त प्रतिवेदन दुई देशका प्रधानमन्त्रीहरूको सहमतिमा गठन गरिएको समूहले तयार गरेको उल्लेख गर्दै त्यो प्रतिवेदन केबल दुई प्रधानमन्त्रीलाई मात्रै बुझाउन सकिने स्पष्ट पार्नुभयो।

परराष्ट्रमन्त्री खनाल भारतीय विदेशमन्त्री डा एस जयशङ्करको मैत्रिपूर्ण निमन्त्रणामा भारतको तीनदिने औपचारिक भ्रमणका लागि शुक्रबार नयाँदिल्ली प्रस्थान गर्नुभएको थियो। भ्रमणका क्रममा परराष्ट्रमन्त्री खनालले शनिबार आफ्ना भारतीय समकक्षीसँग प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गर्नुभएको जानकारी गराउनुभयो।

वार्तामा विकास सहकार्य, सम्पर्क सञ्जाल विस्तार, व्यापार तथा पारवहन, ऊर्जा र जनस्तरको सम्बन्धलाई अझ उन्नत तुल्याउनेलगायत विषयमा छलफल भयो", उहाँले भन्नुभयो । वार्तामा आपसी हितका क्षेत्रीय तथा बहुपक्षीय विषयमा पनि विचार साटासाट भएको उहाँको भनाइ छ। वार्ताका क्रममा विभिन्न क्षेत्रमा भएका द्विपक्षीय सहकार्यको प्रगतिको समीक्षा गर्दै नवप्रवर्तन तथा स्टार्टअप, डिजिटल तथा वित्तीय प्रविधि एवं तालिम तथा क्षमता अभिवृद्धिका क्षेत्रमा सहकार्य बढाउन चालिएका पहलका बारेमा छलफल भएको मन्त्री खनालले बताउनुभयो । "द्विपक्षीय वार्तामा नेपाल-भारतबीचको बहुआयामिक साझेदारीलाई थप सुदृढ बनाउँदै नयाँ उचाइमा पुर्‍याउन प्रयासलाई तीव्र पार्ने सहमति भएको छ", मन्त्री खनालले भन्नुभयो।

सो अवसरमा द्विपक्षीय वार्तापश्चात् भारतका विदेशमन्त्री डा जयशङ्करले परराष्ट्रमन्त्री खनाललाई भारतको सन् २०१५ को 'भूकम्पपछिको पुनर्निर्माण सहयोग' अन्तर्गत सम्पन्न भएका ७२ वटा स्वास्थ्य संस्था र १२ वटा सांस्कृतिक सम्पदा क्षेत्रका परियोजना हस्तान्तरण गर्नुभएको उहाँले जानकारी गराउनुभयो।

त्यस्तै, नेपाल-भारतबीच सीमापार व्यक्तिगत विप्रेषणलाई सहज बनाउन मन्त्रीद्वयले संयुक्त रूपमा भारतको 'युनिफाइड पेमेन्टस्

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोउवा संघले राख्यो एयरपोर्टमा डिस्प्ले बोर्ड

पोखरापत्र संवाददाता
पोखरा, २४ जेठ

पोखरा उद्योग वाणिज्य संघले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा गण्डकीका पर्यटकीय स्थानहरुको परिचय दिने गरी बोर्ड राखेको छ।

स्मार्ट डिस्प्ले बोर्डको आइतबार गण्डकी प्रदेशका मुख्यमनी सुरेन्द्रराज पाण्डेको समुपस्थितिमा नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित अध्यक्ष अञ्जन श्रेष्ठले स्वागत गरे। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीका अनुसार नागरिक उड्यन प्राधिकरण पोखरा शाखासँगको समन्वयमा विमानस्थलको आगमन कक्षमा राखिएको सो बोर्डबाट गण्डकीका पर्यटकीय गन्तव्यको बारे परिचय दिइने छ।



पोखरा भित्रने पर्यटकले यहाँका पर्यटकीय गन्तव्यबारे जानकारी पाऊन् भन्ने हेतुले सो बोर्ड राखिएको उनको भनाइ छ । अध्यक्ष कार्कीले बोर्ड राख्नका निम्ति समन्वय गरेकोमा नागरिक उड्डयन प्राधिकरण पोखराकी निमित्त प्रमुख जसोदा सुवेदीसहितको टिमलाई धन्यवाद दिए।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका निम्ति पैरवी तथा रिले अनसन अनि विरोध कार्यक्रमको नेतृत्व गरेको पोखरा उद्योग वाणिज्य संघले पर्यटकीय राजधानी पोखरा र गण्डकीको प्रवर्द्धनका गर्नकै निम्ति सो बोर्ड राख्ने पहल गरेको संघकी महासचिव शोभा गौतमले बताइन्।

## प्रतिपक्षले विरोधमात्र गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ : पूर्वगृहमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
गोरखा, २४ जेठ

पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेता सुधन गुरुङले राजनीतिमा प्रतिपक्ष दलहरूले बिरोधमात्र गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताउनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी गोरखाको प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रमलाई आइतबार सम्बोधन गर्नुहुँदै उहाँले राम्रो कामलाई प्रतिपक्षले पनि सहयोग गरेर अघि बढ्नुपर्ने बताउनुभयो। पूर्वगृहमन्त्री गुरुङले देश बनाउन सबै मिलेर अघि बढनुपर्ने भन्दै रास्वपा देश बनाउन आएको पार्टी भएको उल्लेख गर्नुभयो । "राम्रो कुरालाई सबै दलले साथ दिनुपर्‍यो", उहाँले भन्नुभयो, "विरोधका लागि विरोध गरेर मात्र हुँदैन ।" गोरखा क्षेत्र नं १ का प्रतिनिधिसभाका सांसद्समेत रहनुभएका उहाँले निर्वाचनमा आफूले गरेको बाचापत्र पूरा गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "मैले गरेको बाचा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'रास्वपालाई असफल हुने छुट छैन'

पोखरापत्र संवाददाता
दमौली, २४ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) केन्द्रीय ऊर्जा विभाग प्रमुख एवं तनहुँ क्षेत्र नम्बर २ का सांसद श्रीराम न्यौपानेले रास्वपालाई असफल हुने छुट नरहेको बताउनुभएको छ।

रास्वपा तनहुँ जिल्ला समितिको आइतबार आयोजित प्रथम अधिवेशनलाई सम्बोधन गर्नुहुँदै उहाँले देशको ठूलो शक्ति रास्वपामाथि जनताको आशा र भरोसा रहेकाले यो पार्टीलाई असफल हुने छुट नरहेको उल्लेख गर्नुभयो।न्यौपानेले विगतकासरकार आफ्नै झगडाबाट अपदस्थ भएको चर्चा गर्नुहुँदै करिब दुई तिहाइ नजिक रहेको वर्तमान सरकारलाई अन्य शक्तिबाट आफ्नैबाट खतरा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "बाहिरको सङ्ख्या अत्यन्तै न्यून छ, रास्वपाको सङ्ख्या बढ्दो छ । अन्य पार्टीबाट रास्वपामा आएकाले विगतको स्कुलिङ त्याग्नुपर्छ । राणातन्त्र, राजतन्त्रको अन्त्य पनि आफ्नैभित्रको कारणले भएको हो । पुराना दल पनि चकनाचुर भएका आफ्नै पार्टीभित्रको द्वन्द्वले हो ।"देश परिवर्तन गर्ने सङ्कल्प बोकेर जन्मिएको रास्वपालाई बलियो शक्तिका रूपमा विकास गर्दै अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको बताउँदै उहाँले पार्टीभित्र सहमति र सहकार्यलाई सधैँ निरन्तरता दिनुपर्ने चर्चा गर्नुभयो । सांसद न्यौपानेले जुन आशा, भरोसाका कारण रास्वपालाई करिब ५२ लाख मत प्राप्त भएको छ विगतबाट पाठ सिकेर अगाडि बढ्दै जनताको भरोसालाई गन्तव्यसम्म पुर्‍याउनुपर्ने बताउनुभयो। रास्वपा गण्डकी प्रदेशका प्रवक्ता शङ्कर पन्तले पार्टीमा को पहिला आयो, को पछि आयो भन्ने कुरा ठूलो नभएको बताउँदै सङ्गठनलाई बलियो बनाउनु अहिलेको प्रमुख माग रहेको बताउनुभयो।

कार्यक्रममा रास्वपा तनहुँका संस्थापक सभापति विकास सिग्देल, क्षेत्र नम्बर २ का संयोजक सुन्दर बस्याल, १ का सचिव शशी रूपाखेती, व्यास नगर सभापति चुडामणि दाहाल, शुक्लागण्डकी नगर सभापति हरिबहादुर खड्कालगायतले पार्टीभित्र एकता र सहकार्यको आवश्यकता औंल्याउनुभयो।


पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं

◆ धारा खुला छोड्ने बानी त्यागौं,
◆ वर्षाको पानी संकलन र पुन:प्रयोग प्रणाली अपनाऔं,
◆ नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
◆ घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं,
◆ प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं,
◆ वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं,
◆ भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं।

पानी जीवन हो–यसको संरक्षण हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


## विकास, सम्मृद्धि र सुशासनको पक्षमा निरन्तर काम गर्छौं: महामन्त्री बुर्लाकोटी

पोखरापत्र संवाददाता
गोरखा, २४ जेठ

राष्ट्रिय स्वातन्त्र पार्टी (रास्वपा) का महामन्त्री एवं पार्टीका संसदीय दलका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले विकास, सम्मृद्धि र सुशासनको पक्षमा सरकारले निरन्तर काम गर्ने बताउनुभएको छ।

रास्वपा गोरखाको प्रथम जिल्ला अधिवेशनको आइतबार उद्घाटन गर्दै उहाँले विकास निर्माणका सवालमा सबै राजनीतिक दलसँग सहकार्य गरेर अघि बढ्ने स्पष्ट पार्नुभयो।

"रास्वपालाई जनताले दिएको मत अरु पार्टीसँग पङ्गा खेल्न होइन", महामन्त्री बुर्लाकोटीले भन्नुभयो, "सबै मिलेर काम गर्‍यौं भने मात्र राम्रो नतिजा ल्याउन सकिन्छ।" उहाँले गोरखकाली रवर उद्योगलाई पुनः सञ्चालनमा ल्याउन पहल भइरहेको र त्यसका लागि अर्थ मन्त्रालयसँग आफूले पटक-पटक छलफल गरेको बताउनुभयो । "गोरखकाली रवर उद्योगमा निजी क्षेत्रले लगानी गरेर अघि बढ्न सक्ने सम्भावना प्रवल छ", उहाँले भन्नुभयो, "सरकारले चलाए पनि, सरकार र निजी क्षेत्र मिलेर चलाए पनि, उद्योग चल्नुपर्छ, सबै गाडीमा गोरखकाली रवर उद्योगको टायर हालेर गाडी गुडेको देख्न पाउनुपर्छ ।" त्यस्तै बूढीगण्डकी जलविद्युत् आयोजना निर्माण गर्न आगामी आर्थिक वर्षका लागि केही बजेट विनियोजन भएको र आयोजनालाई अधिकार सम्पन्न प्राधिकरण गठन गरेर ठोस निर्णय गरी निर्माण अघि बढाउने महामन्त्री बुर्लाकोटीले बताउनुभयो। राजनीति ठिक भएमात्र सबै क्षेत्र राम्रो हुने भन्दै त्यसका लागि सुधार गर्ने प्रयास सरकारले गरिरहेको उहाँको भनाइ छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# सर्वदलीय बैठकलाई सार्थक बनाऔं

एक हप्ता देखि अवरुद्ध संसदको बैठक सुचारू गर्न प्रतिनिधिसभाका सभामुख र प्रधानमन्त्रीले पहल नलिए पछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सोमबार बिहान सर्वदलीय बैठक बोलाएका छन् । संसद्मा विपक्षी दलहरूले प्रधानमन्त्री र बालेन्द्र शाह र सभामुख डीपी अर्यालको भूमिकामाथि प्रश्न उठाउँदै निरन्तर बैठक अवरुद्ध गरेपछि रास्वपाका सभापति लामिछानेले समस्या समाधानका लागि सोमबार बिहान सर्वदलीय बैठक बोलाएका छन् ।

समसामयिक राजनीतिक विषयमा छलफल गर्न सर्वदलीय बैठक आह्वान गरेका छन । स्वरास्वपा पाका महामन्त्री कविन्द्र बुर्लाकोटीद्वले जाअनुसार सार संसद सचिवालयस्थित सार्वजनिक लेखा समितिको हल, सिंहदरबारमा बस्नेछ । बैठकमा प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई आमन्त्रण गरिएको छ । प्रत्येक दलबाट पार्टी अध्यक्ष वा सभापतिसहित दुई जना प्रतिनिधि सहभागी हुनसक्ने व्यवस्था गरिएको रास्वपाले जनाएको छ ।

बैठकमा पछिल्लो राजनीतिक अवस्था, संसद् अवरोधका कारण तथा सहमतिका सम्भावित आधारबारे छलफल हुने बताइएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले नेपालले पनि भारतको भूमि मिचेको भनेर दिएको अभिव्यक्ति छ र सभामुखको भूमिकामाथि प्रश्न उठाउँदै विपक्षी दलले संसद बैठक अवरुद्ध गर्दै आएका छन् । यसले संसदीय कामकारबाही प्रभावित भइरहेका बेला सर्वदलीय बैठकलाई गतिरोध अन्त्य गर्ने प्रयासका रूपमा हेरिएको छ ।

सर्वदलीय बैठक बोलाउन अघि सभापति लामिछानेले प्रधानमन्त्री निवास बालुवाटार पुगेर प्रधानमन्त्री शाहसँग पनि कुराकानी गरेको गरेका थिए । प्रधानमन्त्री प्रतिनिधिसभामा छापामार शैलीमा आएर विपक्षी सांसदका झैं समय मागेर सांसदसंग प्रश्न मागेका थिए । प्रतिनिधिसभा नियमावलीमा भएको व्यवस्था विपरीत प्रश्न सोध्न भनेका प्रधानमन्त्रीको अभिव्यक्तिको चर्को विरोध भएको छाभारतीय संचार माध्यमले समेत प्रधानमन्त्री बालेनको अभिव्यक्तिलाई गैर जिम्मेवार भनी टिप्पणी गरेका छन।नेपाली समाजलाई राष्ट्रियताको सवालमा विभाजित गर्ने काम प्रधानमन्त्रीको भनाइले गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्रीको भनाइको विरोध गर्न नसकेपनि परराष्ट्र मन्त्रालयमार्फत सच्याउने प्रयास गरेको छादेशको कार्यकारी प्रमुखबाट भएको गल्ती सच्याउन पार्टीले निर्देशन दिने र सभामुखले प्रधानमन्त्रीलाई आफ्ना भनाइलाई सच्याउन निर्देशन दिन सक्छ । देशलाई एकजुट बनाउन पहल गर्नुपर्ने बेला झन विभाजित गर्ने गरि प्रधानमन्त्रीको भनाइमा रफ्फु भर्ने काम हुनु दुखद हो।रास्वपाले पाएको अवसरलाई खेर जान नदिन सभापतिले गल्ती सच्याउन विपक्षीको सहयोग खोजेका हुन भने राम्रै हो । यसलाई कसैको जित हारको रुपमा नलिई नेपालको सार्वभौमसत्तालाई अक्षुण राख्न र भौगोलिक अखण्डता काय राख्न एकताको खाँचो छ । नेपालको अडानलाई कमजोर हुन नदिन र हाम्रो मिचिएको भूमि फिर्ता ल्याउन सरकारले सबै नेपालीलाई आव्हान गर्नुपर्छ ।संसदमा सबै दलको एउटै धारणा बनाउन सक्ने गरि जान सकेमा रास्वपा सभापतिले बोलाएको सर्वदलीय बैठक सार्थक हुनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# केराको बोट सुक्न थालेपछि किसान चिन्तित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ जेठ

जिल्लाको बेनी नगरपालिका–२ खबराको बगैंचामा केराको बोट सुक्न थालेपछि किसानहरू चिन्तित भएका छन् । एक सय २० परिवार रहेको खबराका एक सयभन्दा बढी कृषकले व्यावसायिक केराखेती गर्दै आएका छन् ।

केराखेती खबराकानागरिकको मुख्य आयस्रोत हो । अगुवा किसान सोवित शर्माले पसाउने समयमा टुप्पोमा पात पहेँलो हुने र गाना कालो भएर बोट सुक्ने समस्या बढेपछि किसान चिन्तित बनेका बताउनुभयो । "पछिल्लो एक/दुई वर्षयता केराको बोट सुक्ने समस्या बढ्दै जाँदा खबराको केराखेतीमा चुनौती सिर्जना भएको छ", उहाँले भन्नुभयो, "कृषि प्राविधिकले समस्याको पहिचान र उपचार सफल नहुँदा केराखेती मासिने र किसान मारमा पर्ने जोखिम बढेको छ ।" सबैजसो बगैंचामा केराको गुभो (बोटको भित्री भाग) कुहिने र बोटसुक्ने समस्या देखिन थालेको किसान बताउँछन् । तीव्र रूपमा फैलिएको बोट सुक्ने समस्या समाधान हुन सकेको छैन । यो समस्या पहिलादेखि नै रहेको भन्दै केराका बोट सुक्न थालेपछि विकल्पमा केराका बोट मासेर बेसारखेती गर्न थालेको किसान घनश्याम सापकोटाले बताउनुभयो ।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख सञ्जिव बास्तोलाले खबराको केराखेतीमा देखिएको समस्या पहिचानका लागि बाली प्रयोगशालासँग प्राविधिक सहयोग मागिएको बताउनुभयो । "के कारणले बोट सुकेको हो र कसरी समाधान गर्ने भन्ने विषयमा अनुसन्धानका लागि प्राविधिक टोलीको सहयोग मागेका छौं", उहाँले भन्नुभयो, "बाली संरक्षण कार्यक्रममार्फत खबराको केराखेतीमा देखिएको समस्या समाधानका लागि पहल गर्छौं ।" खबरामा पाखोबारी, खोल्सा, कान्ला, डिल केराको घारीले भरिएका छन् । यहाँका किसानले धान, गहुँ, मकै, कोदोलगायत खाद्यबालीको विकल्पमा केराखेती गरेका हुने । एक जनाले दुई देखि २० रोपनी जग्गामा हजारी जातको केरा लगाएका उहाँले जानकारी दिनुभयो । केराखेतीबाट मासिक न्यूनतम रु १०–१२ हजारदेखि ५० हजारभन्दा बढी आम्दानी हुने किसान बताउँछन् । घरव्यवहार चलाउन र छोराछोरी पढाउन केराखेतीको आम्दानीले सहयोग पुगको छ । घरव्यवहार चलाएर बचेको पैसाले कच्ची घरलाई पक्की बनाएको स्थानीय किसान हिरा कुँवरले बताउनुभयो । उपयुक्त हावापानी, भूगोल र बजार नजिक भएका कारण खबराका किसानले केराखेती विस्तार गरेका हुन् । बिरुवा रोपेको दुई वर्षदेखि उत्पादन लिन सकिन्छ । एकघरी केरामा एक हजार वटासम्म कोसा लाग्ने गर्छ । धेरैपटक मलजल, खनजोत र गोडमेल गर्नु नपर्ने हुँदा केराखेती अन्य फलफूलको तुलनामा सजिलो भएको किसानको अनुभव छ । केराको घारीलाई मलका रूपमा प्रयोग गर्न सकिन्छ । विसं २०५८ मा मानबहादुर थापाले काठमाडौंबाट भित्र्याएको केरा खबरामा मात्रै नभएर म्याग्दी, पर्वत र बाग्लुङमा पनि फैलिएको छ । बेनी नगरपालिकाले खबरालाई केराको पकेट क्षेत्र बनाउने उद्देश्यले तीन वर्षअघि बिरुवा वितरण गरेको थियो ।

# महानगरका शिविरमा युआरएलको सहकार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ



पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखाले महानगरका विभिन्न क्षेत्रमा निशुल्क वृहत स्वास्थ्य शिविर आयोजना गरिरहेको छ ।

महानगरले पाँच स्थानमा शिविर गर्ने योजना बनाएकोमा आइतबारसम्म चार ठाउँमा शिविर भइसकेका छन् । यी शिविरमा रक्त जाँचमा युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) र आँखा जाँचका लागि दृष्टि आँखा अस्पतालले सहकार्य गरेका छन् । आइतबार पोखरा–५ को अम्बिका मावि सुइँखेतमा शिविर भएको छ । शिविरमा ४ सय ६५ जना सेवाग्राहीले सेवा लिएका छन् । १ सय ४८ जनाको प्रयोगशाला परीक्षण, आरबिएस जाँच एक सय २७ जना, टिएसएच जाँच ५० जना, टिजी जाँच २० जना, युरिक एसिड जाँच ६५ जना तथा पिसाबसम्बन्धी जाँच ७२ जनाको भएको छ । सोही शिविरमा २ सय ६९ जनाले आँखा परीक्षण सेवा लिएकोमा ३५ जनालाई निःशुल्क चस्मा वितरण गरिएको थियो । स्वास्थ्य महाशाखाले शनिबार पोखरा २३ स्थित सिद्ध वराह माध्यमिक विद्यालयमा शिविर आयोजना गरेको थियो । सो शिविरमा ५ सय २३ सेवाग्राहीले सेवा लिएका छन् । ३३२ जनाको आँखा परीक्षण, २१० जनाको प्रयोगशाला परीक्षण भएको छ । स्वास्थ्य महाशाखाका अधिकृत हरिलाल आचार्यले समुदायस्तरमै गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउने उद्देश्यका साथ महानगरले शिविर आयोजना गरेको बताए । समुदायको स्वास्थ्य प्रवर्द्धन र नागरिकको स्वास्थ्य पहुँच विस्तार गर्न शिविरले सघाउने उनको भनाइ छ । स्वास्थ्य महाशाखाले यसअघि पोखरा २१ स्थित द्वारमा आयोजना गरेको शिविरमा शिविरमा २ सय १७ जनाले सेवा लिएका थिए भने पोखरा ३२ तल्लो गगनगौंडामा भएको शिविरमा ५ सय २७ जनाले सेवा लिएका थिए । महाशाखाले निशुल्क शिविर अन्तर्गतको पाँचौं अर्थात् अन्तिम शिविर असार ३० गते पोखरा २० को आँटीघर, मौजामा गर्दै छ । युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्थले आइतबार युआरएलले विभिन्न संघ, संस्थाको सहकार्यमा २ सय ३० औं शिविर आयोजना गरेको बताए । उनले सामाजिक उत्तरदायित्व वहन गर्दै गण्डकी प्रदेशबासीलाई सुलभ र सहज सेवा दिन युआरएल लागिपरेको उल्लेख गरे । पोखराको न्युरोडमा प्रधान कार्यालय रहेको युआरएलले गण्डकी प्रदेशका २४ स्थानबाट सेवा प्रवाह गरिरहेको छ ।

# बजेटले निजि क्षेत्रलाई प्रमुख साझेदारको रुपमा लिएको छ : अञ्जन श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ




नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले अहिलेको बजेटले निजि क्षेत्रलाई आर्थिक विकासको प्रमुख साझेदारको रुपमा लिएको वताएका छन् ।

आईतबार लेखनाथ उद्योग वाणिज्य संघले भरखरै मात्र सम्पन्न महासंघको ६० औं वार्षिक साधारण सभाबाट निर्बाचित टिमलाई राखेको बधाई तथा सम्मान कार्यक्रममा बोल्दै अध्यक्ष श्रेष्ठले बजेटमा निजि क्षेत्रले लामो समयदेखी उठाँउँदै आएका कुराहरुलाई समावेश गरिएकोमा निजी क्षेत्र अहिलेको बजेट प्रति सकारात्मक रहेको वताए । बजेटले उत्पादन, लगानीका पुर्वाधार, कृषिमा आधुनिकिकरण, सुचना प्रविधि, स्टाटअप र निर्यात व्यवसायीलाई प्राथमिकता दिएकाले यो वजेट निजी क्षेत्रका समस्यालाई सम्वोधन गरेको विश्वास दिलाएका थिए ।

श्रेष्ठले महासंघको आफनो तिन वर्षे कार्यकालमा निजि क्षेत्रको मनोबल बढाउनुपर्ने, लगानी आर्कषित गर्ने, उत्पादन बढाउँदै रोजगारी सृजना गर्ने अवसर चुनौति दुवै भएको वताउँदै छ स्तम्भ र ६० वटा पहलहरुलाई सोही अनुसार कार्यान्वयन गर्ने रिपोट कार्ड तयार पार्ने योजना सुनाएका थिए ।

निजी क्षेत्रले लगानी गर्छ, उत्पादन गर्छ, रोजगार सृजना गर्छ र राजश्वमा योगदान पुर्‍याउने भएकाले सरकारले पनि निजी क्षेत्रको मनोवल बढाउने गरि लगानीमैत्री वातावरण र आर्थीक सुधाराका एजेण्डा ल्याउन समेत अनुरोध गरे ।

नेपालको दीर्घकालिन आर्थिक विकास लागि स्वदेशी लगानीकर्ता उत्साहित नभएसम्म विदेशी लगानी पनि आकर्षित नहुने हुदाँ सरकारको तर्फबाट ब्यवसाय गर्ने सहज वातारण सिर्जना गर्नका लागि बारम्वार अनुरोध गरिएको अध्यक्ष श्रेष्ठको भनाइ थियो । लगानीकर्ताको आत्मविश्वास नभएसम्म उद्योग विस्तार हुदैन,उद्योग विश्तार नभएसम्म रोजगारी सृजना हुदैन र रोजगारी विना समृद्धि सम्भव नभएले निजी क्षेत्र सरकारसँग सहकार्य गर्दै अगाडी वढ्छ उनले भने कार्यक्रमा लेखनाथ उद्योग बाणिज्य संघकी अध्यक्षा जानुका पराजुली अधिकारीले अवको आवश्यकता युवाको नेतृत्व, उद्योगमशिलताको विकास गर्न सक्ने हो भने हामीले परिकल्पना गरेको आर्थीक बृद्धिदरमा सुधार हुदै स्वदेशमा नै रोजगारीको माध्यमबाट उत्पादकत्व बढाउन सकिने सुझाव राखेकी थिईन । उक्त कार्यक्रमको संचालन संघका महासचिव भरतराज ओझाले गरेका थिए ।

# एनवाईईएफको नयाँ कार्यसमितिलाई बधाई

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

पोखरा उद्योग वाणिज्य संघले नेपाली युवा उद्यमी मञ्च (एनवाईईएफ) पोखरा च्याप्टरका नवनिर्वाचित अध्यक्ष इ.सरोज कायस्थसहितको टिमलाई बधाई ज्ञापन गरेको छ ।

पोउवा संघ एनवाईईएफ पोखराको संरक्षक हो । एनवाईईएफको प्रेसिडेन्ट इलेक्टमा विवेक श्रेष्ठ, प्रेसिडेन्ट नोमिनीमा हर्सल बिजुक्छे, प्रोग्राम चेयरमा सुरज श्रेष्ठ तथा फाइनान्स चेयरमा नुरज बाटाजु चयन भएका छन् ।

यसैगरी कार्यसमिति सदस्यहरूमा मानस श्रेष्ठ, प्रतीकराज पहारी, सौरव थापा, सिर्जन श्रेष्ठ, लक्षनराज श्रेष्ठ र अस्मित भारी निर्वाचित भएका छन् । यसअघि मञ्चको नेतृत्व समेज राजभण्डारीले सम्हाल्दै आएका थिए ।

# जोण्टा क्लव अफ पोखराको अध्यक्षमा नेलिसा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ




जोण्टा क्लव अफ पोखराको अध्यक्षमा नेलिसा ठकुरी केसी चयन हुनुभएको छ ।

जोण्टा इन्टरनेशनल डिष्ट्रिक २५ अर्न्तगत एरिया २ को हालै पोखरामा सम्पन्न सातौं साधारण सभाले आगामी दुई वर्षे कार्यकालका लागि उहाँको अध्यक्षतामा पाँच सदस्यि कार्यसमिति सर्वसम्मत चयन गरेको हो । समितिको उपाध्यक्षमा सिर्जना केसी भट्टराई, सचिवमा बन्दना कार्की केसी, कोषाध्यक्षमा श्रीविद्या रघुनन्दन कायस्थ चयन हुनुभयो । समितिको निवर्तनमान अध्यक्षमा रोजिना रञ्जित बिजुक्छे रहनुभएको छ ।

समितिको नेमिनेटिङ कमिटिमा मोनिका थापा, एडभोकेसि कमिटिमा अर्चना कर्माचार्य, अवार्ड एण्ड स्कलरशिपमा निलिमा गुरुङ, लिडर्सशिपमा अन्जना तज्या, भिजिविलिटीमा लिसा गुरुङ, सर्भिसमा अनिता केसी भट्टराई, युएन एण्ड क्लाइमेटमा पुनम भट्टराई र जी एण्ड गोल्डेन जीमा साम्राज्ञी क्षेत्री चयन हुनुभयो ।

जोण्टा क्लव अफ पोखराले वर्षेनी महिला हिंसा विरुद्ध १६ दिने अभियानमा विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । त्यसैगरि महिला, बालबालिका तथा वातावरणको क्षेत्रमा पनि सचेतनामुलक कार्यक्रम गर्दै आएको छ । भइरहेका कार्यक्रमलाई निरन्तरता दिँदै आगामी दिनमा केहि नविनतम कार्यक्रम ल्याइने नवनिर्वाचित अध्यक्ष केसीले बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८, सेदि लामवेडि जाने सडक स्तरोन्नति समिति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सेदि लामवेडि जाने सडक स्तरोन्नति समिति
ठेगानाः पोखरा–१८
योजना सुरु मितिः २०८३/०१/०५ गते
सम्पन्न हुने मितिः २०८३/०३/१० गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/१५ गते
योजनाको कुल लागतः रु. ८,८९,९६१.५५
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ८९,९६१.५५
उपभोक्ता समिति अध्यक्षः मोति बहादुर भुजेल
सम्पर्क नं.: ९८०६६४८०५२
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**सेदि लामवेडि जाने सडक स्तरोन्नति समिति**
**पोखरा-१८**

# रानाभाट/भाट समाजको छैठौं केन्द्रीय महाधिवेशन पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

रानाभाट/भाट समाज नेपालको छैठौं केन्द्रीय महाधिवेशनले नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको छ।

समाजको अध्यक्षमा हरिबहादुर रानाभाट (चितवन), वरिष्ठ उपाध्यक्षमा भिमबहादुर रानाभाट (बाँके), उपाध्यक्षमा मन बहादुर रानाभाट (नवलपुर) र प्रतिभा रानाभाट (कास्की) चयन भएका छन् । त्यस्तै, महासचिवमा राजु रानाभाट (काठमाडौं), सचिवमा गणेश रानाभाट, कोषाध्यक्षमा राजु रानाभाट र सहकोषाध्यक्षमा महेन्द्र रानाभाट चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा कास्कीका यामबहादुर रानाभाट, नारन रानाभाट र शिवबहादुर रानाभाट, स्याङ्जाका डिलबहादुर रानाभाट र शारदा रानाभाट, तनहुँका भोजराज रानाभाट र विनोद रानाभाट, नवलपुरबाट रामभक्त रानाभाट र सुर्यबहादुर रानाभाट, पाल्पाबाट पूर्णबहादुर रानाभाट, चितवनबाट जमानसिंह रानाभाट र प्रभु रानाभाट, अर्घाखाँचीबाट माधव भाटक्षेत्री चयन भएका छन् भने कास्कीका ज्यो. रुद्रबहादुर रानाभाट र नरेन्द्र रानाभाटलाई सदस्यमा मनोनीत गरिएको छ । निर्वाचन समितिमा डा. प्रेम सिंह भाटको संयोजक र सदस्यमा अधिवक्ताद्वय धनबहादुर रानाभाट र मिना रानाभाट रहेका थिए । नवनिर्वाचित कार्यसमितिले समाजको एकता, परम्परा संरक्षण, सामाजिक सद्भाव र भावी पुस्तासम्म समुदायको इतिहास तथा संस्कृतिको संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि पुर्व सभामुख तारानाथ रानाभाटले समुदघाटन गर्दै समाजलाई समयको माग संगै अगाडी बढाउनु पर्ने बताए। कार्यक्रममा महासचिव शंकर रानाभाटको प्रगति प्रतिबेदन र का।वा। कोषाध्यक्ष मनबहादुर रानाभाटले प्रस्तुत गरेको समाजको आर्थिक प्रतिबेदन बृहत छलफल गरि पारित गरिएको थियो ।




महाधिवेशनमा विभिन्न एकाइ तथा रानाभाट तथा भाट समाजका ब्यक्तिलाई सम्मान गरिएको थियो। समाजका एकाइहरु पोखरा २६ को कन्धनीडाँडा एकाइ, पोखरा १३ को काहुँखोला एकाइ, पोखरा १७ को पार्दि बिरौटा एकाइ, तनहुँ जिल्ला समिति र नवलपुर जिल्ला समितिलाई भवन निर्माण गरी योगदान गरेकोमा र रुपन्देही जिल्लाले समाजघर निर्माणकालागि जग्गा खरिद गरेकोमा संस्थागत सम्मान गरिएको थियो । त्यस्तै तनहुँ र चितवनलाई उत्कृष्ट जिल्ला घोषणा गरि सम्मान गरिएको थियो । त्यसैगरी न्यायको क्षेत्रबाट पाटन उच्च अदालतका न्यायाधीश माननीय शिव बहादुर रानाभाट र रजिस्ट्रार संधिखर्कका अशोक भाटक्षेत्री, शिक्षाको क्षेत्रबाट फिस्टेल एकेडेमी पोखराका संस्थापक प्राचार्य चिनु रानाभाट, समाजसेवा तर्फबाट सु. बलबहादुर रानाभाट, उद्योग ब्यबसाय तर्फबाट स्याङ्जाका अर्जुन रानाभाट र हेटौंडाका प्रमोद सिंह रानाभाट, यातायात क्षेत्रबाट बुटवलका अर्जुन रानाभाट, पाँचौ महाधिवेशनका कार्यसम्पादन समितिका संयोजक मनबहादुर रानाभाट, सदस्यहरु लोक बहादुर रानाभाट र राजु रानाभाट, प्रेमबहादुर रानाभाट लगाएतलाई सम्मान गरिएको थियो । कलाकारिताको क्षेत्रबाट पोखराकी मुस्कान रानाभाट र नेपालगंजकी नबिना रानाभाट, रानाभाट भाट जातिको बारे शोधपत्र लेख्ने ललितपुरकी कविता रानाभाटलाई सम्मान गरिएको थियो । त्यस्तै नवलपुरको गैंडाकोटमा सम्पन्न पाँचौ केन्द्रिय महाधिवेशन कार्य सम्पादन समितिका संयोजक मनबहादुर रानाभाट, छैठौं केन्द्रिय महाधिवेशनको कार्यसम्पादन समिति संयोजक श्रीबहादुर रानाभाट, केन्द्रिय महासचिव शंकर रानाभाट लगाएतलाई प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा पाटन उच्च अदालतका न्यायाधीश शिवबहादुर रानाभाट, जिल्ला अध्यक्ष तर्फबाट तनहुँ जिल्ला अध्यक्ष बेलबहादुर रानाभाट, प्रदेश समितिहरुको तर्फबाट बाग्मतीका अध्यक्ष सन्तोष रानाभाट, प्रदेश इन्चार्जहरु मध्येबाट लुम्बिनीका भिमबहादुर रानाभाट, महिला तर्फबाट कमला रानाभाटले मन्तव्य राखेका थिए । त्यसै गरी कश्यप गोत्रीय रानाभाट प्रतिष्ठानका केन्द्रिय परिषद् अध्यक्ष नेपालहरि रानाभाट, पोखरा महानगरपालिका लेखा समिति सभापति झपट बहादुर रानाभाट, कास्की जिल्ला अध्यक्ष तथा आर्थिक समिति संयोजक सुर्यबहादुर रानाभाटले बोलेका थिए । केन्द्रीय अध्यक्ष बाबुराम रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वरिष्ठ उपाध्यक्ष हरि रानाभाटले र संचालन महासचिव शंकर रानाभाट र सचिव बलराम रानाभाटले गरेका थिए भने धन्यवाद ज्ञापन उपाध्यक्ष श्रीबहादुर रानाभाट गरेका थिए ।

# संझनामा कौडे मुखिया पुस्तक बिमोचन तथा ब्यक्तित्व सम्मान कार्यक्रम

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ जेठ

नाम्चेली कौडे मुखिया परिवार, पोखराको आयोजनामा पोखरामा संझनामा कौडे मुखिया नामक पुस्तकको बिमोचन तथा ब्यक्तित्व सम्मान कार्यक्रम भब्य रुपमा सम्पन्न भएकोछ ।

संस्थाका अध्यक्ष डिलबहादुर रानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथी जेष्ठ नागरिक तिलकुमारी थापा, बिशेष अतिथी डा. सम्शेर थापा मगर, अन्य अतिथीहरु गुरुङ साहित्यीक मञ्च, नेपालका अध्यक्ष तेजबहादुर गुरुङ, नेपाल तामाङ घेदुङ, के.स.का भु.पु. अध्यक्ष धनप्रसाद तामाङ, नेपाल मगर लेखक संघ के.स. सदस्य स्ट्रगल राना, मगर भाषा प्रतिष्ठान, कास्कीका अध्यक्ष यामबहादुर थापा, आदिवासी जनजाति पत्रकार महासंघ, कास्कीका अध्यक्ष बिनु बिनु मस्राङ्गी, चित्रेभञ्ज्याङ्ग पोखरा सम्पर्क मञ्च, कास्कीका



अध्यक्ष बुद्धिराम लम्साल, संगम साँस्कृतिक मञ्च, नेपालका अध्यक्ष काजी गाउँले, नेपाल मगर लेखक संघ, जिल्ला कार्य समितिका अध्यक्ष बिकाश लुङ्गेली, रेडियो नेपाल, पोखरा सार्वजनिक सेवा प्रशारण कार्यक्रमका कार्यक्रम प्रस्तोता गोबिन्द सिंजाली, नाम्चे पोखरा मगर समाजका अध्यक्ष सु.मिनबहादुर थापा, गैयाली मगर समाज, पोखराका अध्यक्ष क्या. टोपबहादुर थापा, नाम्चे पोखरा मगर समाजका वरिष्ठ सल्लाहकार तालबहादुर थापा, भु.पु. सैनिक संगठन, कोहलपुरका सदस्य एकबहादुर थापा, भु.पु. शिक्षक बाबुराम शर्मा, गण्डकी बोर्डिङ्ग आवाशिय मा.वि.का शिक्षक कृष्णश्याम रिजाल, समाजसेवी राजेन्द्र प्रकाश थापा, लेखमाया थापा, शारदा थापा र समाजसेवी मिना थापा मगर लगायतले कार्यक्रम सफलताका शुभकामना ब्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन रुद्र सन्देश मगरले सञ्चालन गरेका थिए । साहित्यकार रुद्र सन्देश मगरद्धारा लिखित तथा सम्पादित पुस्तक संझनामा कौडे मुखिया नामक पुस्तकको बिमोचन पश्चात पुस्तकको समिक्षा रेखबहादुर थापा र लेखकको परिचय सञ्चारकर्मी गोबिन्द सिंजालीले प्रस्तुत गरेका थिए । तत्कालिन कोल्माबराहचौर गा.बि.स. वडा नं. २ (पुतलीबजार न.पा. वडा नं. ९) निबासी कौडे मुखियाको नामले परिचित अमाली जिम्मेवाल बहादुर थापाको जीवनीमा आधारित पुस्तक संझनामा कौडे मुखियाको बिमोचन गरिएको थियो । उक्त कार्यक्रममा स्याङ्जा जिल्ला पुतलीबजार वडा नम्बर ९ बाट प्रथम पटक बिद्यावारिधी उपाधी प्राप्त गर्न सफल डा. सम्शेर थापालाई सम्मान गरिको थियो ।

कार्यक्रममा संगम साँस्कृतिक मञ्च, नेपालका कलाकारहरु काजी गाउँले, बिकाश लुङ्गेली, डि.बी. राई, चिवान गुरुङ्ग, कृष्णश्याम रिजाल, लालबहादुर भुजेल, अस्विना आले र जेसिका राना लगायतका कलाकारहरुले गायन तथा नृत्य कला समेत प्रस्तुत गरेका थिए । साथै उक्त कार्यक्रममा कौडे मुखियाको नाममा एउटा अक्षय कोष खडा गर्ने पनि घोषण गरिएको थियो ।

# प्रतिभाले नयाँ विद्यार्थीलाई सपथ खुवाउँदै गऱ्यो स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

'...म कुनै पनि प्रकारका दुर्व्यसन, हिंसा, भेदभाव र अनैतिक कार्यबाट टाढा रहनेछु । म ज्ञान, सीप, चरित्र र नेतृत्व विकासका अवसरहरूको सदुपयोग गर्दै आफ्नो, विद्यालयको र राष्ट्रको गौरव बढाउन निरन्तर प्रयत्न गर्नेछु ...' यी वाक्यांश पोखराको प्रतिभा माविका नवआगन्तुक विद्यार्थीलाई गराइएको सपथको हो ।

उत्कृष्ट नतिजाले नेपालमै अब्बल विद्यालयमा उभ्याएको पालिखेचोक स्थित प्रतिभा माविले शनिबार विज्ञान संकाय र आइतबार व्यवस्थापन तथा होटल व्यवस्थापन संकायका गरी कुल ८८० जना कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीलाई सपथ ग्रहण गराउँदै स्वागत गरेको हो । विद्यालयले पोखरा सभागृह दुई दिनसम्म भरिभराऊ हुने गरी अभिभावकसमेत आमन्त्रण गरी नवआगन्तुक विद्यार्थीलाई स्वागत तथा उत्प्रेरणामुलक कार्यक्रम आयोजना गरेको हो । माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तिर्ण गरी प्रतिभामा कक्षा ११ मा भर्ना भएका विद्यार्थीलाई अहिलेका लोकप्रिय गायक प्रकाश दूतराज एण्ड ब्याण्डको सांगीतिक प्रस्तुतिसँगै स्वागत गरेको हो । दोस्रो दिन कार्यक्रमका प्रमुख अतिथि मणिपाल शिक्षण अस्पतालका प्रमुख कार्यकारी अधिकृत अनिल ओडुभिल, विद्यालय संचालक समितिका अध्यक्ष नारायणप्रसाद पौडेल लगायतले उद्घाटन गरे । प्रमुख अतिथि ओडुभिलले जिन्दगीमा सुखदुःख धेरै हुने भएपनि प्रगतिशील हुन विद्यार्थीलाई सुझाए । उनले विद्यार्थीलाई सकारात्मक सोच राख्न पनि




सुझाव दिए । 'सकारात्मकताले मात्र सफलता हात पार्छ,' उनले भने, 'विद्यार्थी सफल हुनका लागि उनीहरुमा मेहनत जरुरी छ । विद्यार्थीले मेहनतका साथ अध्ययन गर्ने हो भने लक्ष्यमा पुग्न सहज हुन्छ ।' प्रतिभा संचालक समितिका अध्यक्ष नारायण पौडेलले विद्यार्थीले मेहनत गरेर अध्ययन गरेको खण्डमा त्यसको परिणाम पनि उत्कृष्ट नै आउने बताए । समय अनुसारको शिक्षा दिलाउन विद्यालय हरदम तयार रहेको उनले सुनाए । ' प्रतिभाले हरेक वर्ष हरेक क्षेत्रमा प्रतिभा उत्पादन गरिरहेको छ । आगामि दिनमा ती प्रतिभा अझै थपिनेछन,' उनले भने, ' विद्यार्थीलाई प्रतिभावान बनाउन हामी हरदम छौं ।' कार्यक्रममा विद्यालयका प्राचार्य किरण सापकोटाले विद्यार्थीले देखेको सपना पूरा गर्नका लागि विद्यालय सदैव तयार रहेको बताए । धेरै उत्कृष्ट नतिजा ल्याएकाहरू साइन्स पढ्ने, अलि कम हुनेमात्र व्यवस्थापन तथा अरु पढ्ने भन्ने भाष्य समाजले निर्धारण गरेपनि जागिर दिनेहरू, उच्च तहमा बसेर तल निर्देशन दिनेहरू म्यानेजमेन्टकै विद्यार्थी रहेको भन्दै यस्तो भावना मनमा नराख्न उनले सुझाए । व्यवस्थापन विषय आफैमा अब्बल रहेको भन्दै प्राचार्य सापकोटाले विश्वमा अहिले यति धेरै प्रतिशपर्धा छ कि ? जागिर खाने होइन, अब जागिर दिने व्यक्ति बन्नुपर्ने बताए ।

'जीवनमा धनी र शक्तिशाली भन्दा असल मान्छे बन्नुपर्छ,' नवआगन्तुक विद्यार्थीलाई सुझाव दिँदै उनले भने, 'त्यसका लागि मेहनत चाहिन्छ। सबै विद्यार्थीसँग कुनै न कुनै खालको क्षमता हुने भएकोले क्षमता पहिचान गर्न सक्नुपर्छ। हिँड्ने मान्छे नै लड्ने हो, त्यसैले हरेक लडाईंबाट उठ्न सक्नुपर्छ। सगरमाथा चढ्ने लक्ष्य लिँदा आधार शिविरमा अड्कन पनि सकिन्छ । स्वीकार गर्नुपर्छ। बुबाआमाको सपना पूरा गर्ने प्रण गरौं । जीवनमा धनी र शक्तिशालि व्यक्ति बनिएला, तर, असल बन्नुपर्छ ।' कार्यक्रममा विद्यालयले सामाजिक उत्तरदायित्व अन्तर्गत भलिवल खेल क्षेत्रमा विशेष योगदान गरेको भन्दै म्याग्दी जिल्ला भलिवल संघलाई २५ हजार रुपैयाँ सहित सम्मान गरेको थियो। प्रतिभा माविमा भलिवल खेलको जग बसालेका र हाल म्याग्दी जिल्ला भलिवल संघका अध्यक्ष समेत रहेका तेजेन्द्र बानियाँ र संघका सदस्य तथा प्रतिभा माविका भलिवल प्रशिक्षक कुमार किसानलाई उक्त अवसरमा सम्मान गरियो ।

कार्यक्रममा चर्चित गायक प्रकाश दुतराज र उनको नयाँ ब्याण्डले गीत प्रस्तुत गरेका थिए। प्रतिभाका दुवै दिन दूतराजको ब्याण्डको प्रस्तुती रह्यो। एकल रुपमा हिट गीत प्रस्तुत गर्दै आएका दूतराजले भदौदेखि अब ब्याण्डमार्फत् सार्वजनिक हुँदैछन् । त्यसअघि नै प्रतिभाले दूतराजको नयाँ ब्याण्डलाई आफ्ना विद्यार्थीमाझ प्रस्तुत गरेको हो।

कार्यक्रममा विद्यार्थीहरूले आफ्नो सांगीतिक प्रस्तुती राखे । विभिन्न सांस्कृतिक नृत्यसमेत प्रस्तुत गरे । शनिबार प्रतिभा रोजेका ४ जिपिए ल्याउने २८ विद्यार्थी, अभिभावक र सम्बन्धित विद्यालयलाई सम्मानसमेत गरिएको थियो ।

# संगम सहकारीको विस्तारित मञ्च

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

पोखराको राम बजारमा प्रधान कार्यालय रहेको संगम बचत तथा ऋण सहकारी संस्थाले न्यूरोडमा रहेको सुगम सेवाकेन्द्रसँग सम्बन्धित बिषयलाई लक्षित गरि विस्तारित मञ्च कार्यक्रम आयोजना गरेको छ ।



बिशेषत बित्तिय क्षेत्रमा देखिएको आर्थिक मन्दी र सेवा केन्द्र संचालन सम्बन्धि सरकारको पछिल्लो निर्देशनका बिषयमा सदस्यहरुलाई जानकारी गराउदै सुझाव संकलन गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको शिक्षा उपसमिति संयोजक तिलक थापाले बताए। संस्थाका अध्यक्ष नब राज तिवारीले सबैको साथ सहयोगले गर्दा नै संगम सहकारी गण्डकी प्रदेशकै उत्कृष्ट सहकारीको रूपमा सम्मानित भएको स्मरण गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग पाइरहने अपेक्षा गरे। नेपाल कानून व्यवसायी परिषद्का पार्षद सदस्य एवं संस्थाका कानूनी सल्लाहकार दयाराम गौतमले राम्रो काम गरेका सहकारीलाई टाढाबाट पनि खोज्दै आउने बताए।

सल्लाहकार संयोजक निरज थापाले देश र नागरिकको हितमा हुनेगरी सरकारले ल्याएका असल योजनाहरूलाई साथ दिनु सबैको कर्तव्य भएको बताउदै संसार सत्य र ईमानमा अडेकाले हाम्रा कर्म पनि त्यसैतर्फ अघि बढ्नुपर्ने बताए।

उपाध्यक्ष एवं सेवा केन्द्र उपसमिति संयोजक बुद्धिमान थापाले संस्था संचालनमा मितब्ययी बन्नुपर्ने बताए । सेयर सदस्य प्रशान्त रानाभाटले ब्यवसायिक तालिम र कारोबार वृद्धिमा जोड दिन आग्रह गरे । संस्थाका वरिष्ठ ब्यवस्थापक बृहस्पति अधिकारीले संस्थागत प्रस्तुति राखेको उक्त कार्यक्रमको संचालन सचिव धनराज पुरीले गरेका थिए।

# पोखरा २० द्वारा अपाङ्गता भएका व्यक्तिलाई स्टेशनरी र कपडा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ जेठ

पोखरा महानगरपालिका वडा नं. २० ले स्टेशनरी सामाग्रीसहित न्यानो कपडा वितरण गरेको छ।

विकास नेपाल नामक सामाजिक संस्थासँगको सहकार्यमा वडाभित्र अपाङ्गता भएका ५ जना विद्यार्थीलाई स्टेशनरी र २३ जना अपाग व्यक्तिलाई न्यानो कपडा वितरण गरिएको हो । वडा कार्यालयमा आयोजित कार्यक्रममा वडाध्यक्ष गंगाबहादुर खत्रीले ति सामाग्री वितरण गरेका हुन् । वितरण पछि आयोजित कार्यक्रममा वडाध्यक्ष खत्रीले यस्ता कार्यक्रमलाई वडाले बार्षिक क्यालेण्डरमा समावेश गरेको जानकारी दिदैं, अपाङ्गता भएका व्यक्तिलाई राहत मिल्ने बताए । उनले नागरिकका समस्याप्रति स्थानीय सरकार जानकार रहेको बताउँदै, निश्चित वजेटका कारण सबै समस्या समाधान हुन नसकेको स्पष्ट पारे । सामाजिक कार्यका लागि विकास नेपालले गरेको सहयोग प्रति उनले खुशी व्यक्त गरे । विकास नेपालका अध्यक्ष गणेश पाख्रिनले संस्थाले महिला, बालबालिका र अपाङ्गताका क्षेत्रमा काम गर्दै आईरहेको बताए। सोही अवसरमा अपाङ्गता भएका व्यक्तिहरुलाई अधिकार र प्रोत्साहनका विषयमा अभिमुखिकरण दिईएको छ । सहभागिलाई बुद्धीबहादुर थापाले सहजिकरण गरेका थिए। विकास नेपालका अध्यक्ष पाख्रिनको अध्यक्षतामा भएको कार्यक्रमको संचालन विमला केसीले गरेकी थिईन्। वडाले अघिल्लो बर्ष आय आर्जनमा सघाउ पुर्याउने उद्धेश्यले भैंसीका पाडापाडी, बाख्रा तथा कुखुराका चल्ला वितरण गरेको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, वि.पि. मार्ग देखि सिग्देल मार्ग सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः वि.पि. मार्ग देखि सिग्देल मार्ग सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३
योजना सुरु मितिः २०८३/०१/०१ गते
योजना सम्पन्न मितिः २०८३/०२/३० गते
योजनाको कुल लागतः रु. ७,२६,७५०.५९
महानगरपालिकाबाटः रु. ६,५०,०००।-
जनसहभागिताबाटः रु. ७२,२२२।-
उपभोक्ता समिति अध्यक्षः मैया सिग्देल
सम्पर्क नं.ः ९८४६१५४०७७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**वि.पि. मार्ग देखि सिग्देल मार्ग सडक स्तरोन्नती पोखरा-१३**